# सिस्ने गाउँपालिका भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मिति २०७७/०३/२५

प्रमाणिकरण मिति २०७७/०३/२९

**प्रस्तावना**

यस गाउँपलिकाको क्षेत्रभित्र रहेका निर्माण सामग्रीका रुपमा प्रयोग हुने ढुङ्गा स्लेट, ग्राभेल,वालुवा, गिट्टी मिस्कट भस्कट र माटो जस्ता नदीजन्य पदार्थ लगायतका प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र सदुपयोग गर्न निषेधित क्षेत्रबाट तथा विना स्वीकैति अवैध चोरी उत्खनन र निकासी नियन्त्रण गर्न उत्खनन तथा निकासीमा वातावरण मैत्री विधि अपनाई नकारात्मक वातावरणीय प्रभावलाई न्युनिकरण गर्न रोजगारीको सृजना गर्न प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुरुप उत्खनन गर्न निर्धारित गर्को क्षेत्रबाट निर्धारित परिमाणमा नदिजन्य सामाग्रीको उत्खनन गरि निर्माण सामाग्रीको सहज र सुलभ आपुर्ति गर्न उत्खनन प्रसोधान तथा विक्रि वितरण कार्यलाई पृथक गरि  व्यवस्थित गर्न बान्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७७ को दफा ११ (२)(प)(७) बमोजिमको अधिकारको प्रयोगको लागि सिस्ने गाउँपालिका खानी तथा खनिज पदार्थ सम्बन्धि व्वस्था गर्न बनेको ऐन, २०७७ को दफा २८ ले दिएको अधिकार प्रयोग गरि सिस्ने गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्विधिको नाम "सिस्ने गाउँपाललिकाको अधिकार क्षेत्र भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि सिस्ने गाउँपालिकाको अधिकार क्षेत्र भित्र लागु हुनेछ ।

(३) यो कार्यविधि सिस्ने गाउँपालिकाको गाउँकार्यपालिकाको स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रश्नको अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"अनुगमन समिति" भन्नाले रुकुम पूर्व जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समिति र यस कार्यविधिको दफा २० बमोजिमको गाउँपालिका अध्यक्षको संयोजकत्वमा रहेको गाउँ पालिका स्तरीय अनुगमन समिति समेतलाई सम्झनु पर्दछ ।

(ख)"उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेसिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ । र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरि गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउने छ ।

(ग) "कार्यविधि" भन्नाले सिस्ने गाउँपालिका भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि २०७७ लाई सम्झनु पर्दछ ।

(घ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ वा उत्खनन वा प्रशोधन गर्न चार किल्ला तोकी छुट्याइएको स्थान संकलन गरी जाँचपास गर्न वा अस्थायी भन्डारणका लागि तोकीएको स्थानलाई सम्झनु पर्दछ ।

(ङ) "नदीजन्य पदार्थ" भन्नाले नदी,खोला,खहरे,खोल्सी,बाढी पहिरोले बगाइ ल्याई नदी,खोल्सी र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजि जग्गामा थिग्रिएको र थुप्रिएको ढुङ्गा, ग्राभेल, वालुवा,गिट्टी, मिस्कट, भस्कट, गेग्रन, माटो तथा दहत्तर बहत्तर (काठ दाउरा) र नदीको बहावबाट बगीआउने सबै खाले प्राकृतिक वस्तु र सबै पदार्थलाई सम्झनु पर्दछ ।

(च) "प्रारम्भिक वातावरणीय परिक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination (IEE)) भन्ने सम्झनुपर्दछ ।

(छ)"मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नेपाल सरकारका अन्य मन्त्रालयहरु समेतलाई सम्झनुपर्दछ ।

(ज) "मापदण्ड" भन्नाले दफा २१ बमोजिमको मापदण्ड सम्झनु पर्दछ ।

(झ)"राजश्व" भन्नाले नदीजन्य पदार्थ र दहत्तर बहत्तर काठ दाउरा आदीबाट नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय सरकारले निर्धारण गरि प्राप्त हुने सरकारी रकम सम्झनु पर्दछ ।

(ञ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण रक्षण ऐन २०५३ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Empact Assessment(EEA)) भन्ने सम्झनु पर्दछ । यसले मन्त्रालयबाट स्वीकृत नदिजन्य पदार्थ उत्खनन तथा ओसारप्रसार गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (Initial Environmental Examination) समेतलाइ बुझाउनेछ ।

(ट) "व्यवसायी" भन्नाले यस कार्विधि बमोजिम नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रि गर्न नेपाल सरकार तथा स्थानिय सरकारले निर्धारण गरेका प्रकृया पुरा गरि जारी गरेको इजाजत प्राप्त गर्को व्यवसायी सम्झनु पर्दछ ।

(ठ) "शुल्क" भन्नाले वन क्षेत्र बाहिर उत्खनन संकलन भएका नदिजन्य पदार्थ संकलन शुल्क तथा विक्रिबाट प्राप्त रकमलाइ जनाउने छ । यो शब्दले निजि जग्गाबाट व्यवसायिक प्रयोजनका लागि संकलन तथा बिक्रि भएको नदिजन्य पदार्थ वापत प्राप्त हुने सेवा शल्क समेत सम्झनु पर्दछ ।

(ड) "नगरपालिका" भन्नाले सिस्ने गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ढ) "परिमाण" भन्नाले उत्खननको लागि स्वीकृति दिँदा चारकिल्ला तोकी उत्खनन गर्न दिइएको अनुसमानित परिमाण तथा घाटगद्धीमा रहेका नदिजन्य पदार्थको परिमाण सम्झनु पर्दछ ।

(ण) "कार्यदल" भन्नाले यस गाउँपालिकाको प्रमुखको संयोजकत्वमा सठित दफा १९ बमोजिमको कार्यदललाई सम्झनु पर्दछ ।

(त) "जि.स.स." भन्नाले जल्ला समन्वय समिति, रुकुम पूर्वलाई सम्झनु पर्दछ ।

(थ) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन, २०७७ सिस्ने गाउँपालिका खानी तथा खनिज पदार्थ सम्बन्धि व्यवस्था गर्न बनेको ऐन, २०७७ लाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्यः**

(क) यस गाउँपालिकाको क्षेत्रभित्र नदिजन्य पदार्थको संकलन, उत्खनन, प्रसोधन तथा निकासी गर्दा प्रारम्भिक वातावरणीय प्रभाव प्रतिवेदनको शर्तहरुको पालना गर्नु गराउनु ।

(ख) नदि क्षेत्र, संरक्षित क्षेत्र तथा नदिजन्य पदार्थ ओसारप्रसार गरिने मार्गको निर्भारण तथा वातावरणीय पक्षको संरक्षण गर्नु ।

(ग) नदिनज्य पदार्थको सन्तुलित उत्खननबाट निर्माण सामाग्रीको नयमित र दिगो आपुर्ति सुनिश्चित गर्नु ।

(घ) गाउँपालिकाको राजश्व संकलन र बृद्धि तथा व्यवस्थित गर्नु ।

(ङ) गाउँपालिका भित्र रोजगारीको अवसरलाई बृद्धि तथा व्यवस्थत गर्नु ।

(च) गाउँपालिकाको प्राकृतिक स्रोत साधनको व्यवस्थित र दिगो प्रयोगलाई सुनिश्चित गर्नु ।

**४. कार्यविधिको क्षेत्रः**

यो कार्यविधि सिस्ने गाउँपालिकाको निम्न क्षेत्रभित्र लागु हुनेछ ।

(क) गाउँपालिकाको क्षेत्रभित्र पर्ने खोला तथा खहरेका IEE प्रतिवेदनले उत्खनन तथा निकासी गर्न निर्दिष्ट गरेका क्षेत्रहरु ।

(ख) गाउँपालिका भित्र रहेका नदि, खोला तथा खहरेले नदिजन्य पदार्थ थुपारी प्रकोप जोखिम उत्पन्न हुने संभावना भई त्यस्ता नदिजन्य पदार्थ हटाउन पर्ने भएमा त्यस्ता क्षेत्र ।

(ग) गाउँपालिका भित्रका नदि, खोला तथा खहरे छेउछाउका निजि जग्गामा नदिजन्य पदार्थ थुप्रिएमा सो हटाउन जग्गा धनिको निवेदन प्राप्त भएमा जग्गा जोगाउन स्विकृत परिमाण सम्म मात्र नदिजन्य पदार्थ हटाउन स्वीकृति दिएका त्यस्ता क्षेत्र र परिमाण भित्र ।

(घ) गाउँपालिका भित्रका विभिन्न सरकारी सार्वजनिक, गुठि र निजी जग्गामा थुप्रिएका नदिजन्य पदार्थ हटाउन् भनि सम्बन्धित निकायबाट निर्णय भई आएमा उक्त क्षेत्र र परिमाण भित्र ।

(ङ) गाउँपालिका क्षेत्र भित्रका कृषकले आफ्नो जग्गा खेति योग्य बनाउँदा, माछापालन गर्न पोखरी निर्माण गर्दा र कुनै कृषि व्यवसाय, फर्म संचालन गर्न नदिजन्य पदार्थ हटाउँदा निस्कने नदिजन्य पदार्थको स्वीकृत स्थान परिमाण भित्र ।

## परिच्छेद २

## नदिजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

**५. अनुमति लिनु पर्नेः**

(१) नदिजन्य पदार्थमा आधारित क्रसर उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची (१) बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्बन्धित स्थानीय तहले अनुसूची (२) बमोजिम ढाँचामा अनुमति पत्र दिनेछ ।

(३) उपदफा (१)बमोजिम अनुमतिका लागि दरखास्त दिँदा प्रचलित नेपाल कानूनमा तोकिएका शर्त बन्देजका अनिरिक्त अनुसूची ९ बमोजिमको मापदण्ड र देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछ ।

(क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको प्रमाण संलग्न हुनुपर्नेछ ।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता कच्चा पदार्थ उपलब्ध गराउने स्रोतवालासँग लिएको स्वीकृति सम्झौता सहितका प्रमाण संलग्न राखु गर्नेछ ।

(ग) उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति निर्दिष्ट गर्को हुनुपर्नेछ ।

(घ) उद्योगको क्षमता अनुसार न्यूनतम पच्चिस रोपनी जग्गा उद्योगको स्वामित्व वा लिज वा भाडामा रहेको हुनुपर्नेछ । यस्तो जग्गा सार्वजनिक, पर्ति वा ऐलानी जग्गा हुनु हुदैन ।

(ङ) नदिजन्य पदार्थ उत्खनन, प्रसोधन तथा विक्रि गर्ने उद्योगले अनुमित लिन उद्योगमा प्रयोग हुने मेशिन तथा टिपरको संख्या तथा गाडी नम्बर समेत खुलाई स्विकृति लिनु पर्नेछ ।

(च) उद्योग दर्ता तथा बार्षिक कर नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

(४) यो कार्यविधि लागु हुनु पुर्व साविकमा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले अनिवार्य रुपमा यसै कार्यविधि बमोजिम संचालन हुने गरि यो मापदण्ड पुरा गरि यस सिस्ने गाउँकार्यपालिकाको कार्यालयमा दर्ता भई संचालनको अनुमति लिनु पर्नेछ । अन्यथा गाउँपालिकाले समयावधि तोकि उद्योग बन्द गर्न वा स्थानान्तरण गर्न आदेश जारी गर्न सक्नेछ ।

(५) गाउँपालिकाबाट स्वीकृति लिएका उद्योगहरुले तोकिएको दस्तुर बुझाई बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ ।

(६) श्रममुलक रुपमा हेभि उपकरणको प्रयोग विना परम्परागत रोजगारी तथा पारिवारीक जिविकोपार्जनको स्रोतको रुपमा बालुवा संकलन गर्ने गाउँपालिका भित्रका बासिन्दाले समेत गाउँपालिकामा सुचिकृत भई अनुमति लिनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिमको उत्खननको श्रम स्वीकृतिको लागि कुनै व्यक्तिले गाउँपालिकामा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वडाको सिफारिस संकलन राखी निवेदन दिएमा गाउँपालिकाले प्रति परिवार २ जनाको दरले श्रममुलक रुपमा तोकिएका क्षेत्रबाट नदिजन्य पदार्थ संकलन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम स्वीकृति प्राप्त व्यक्ति वा निजको परिवारले नदिजन्य पदार्थ उत्खनन गर्दा व्यक्ति तथा परिवारका सदस्यको परिचय खुल्ने गरि गाउँपालिकाले अनुसूची (३) बमोजिम उपलब्ध गराएको परिचय पत्र अनिवार्य रुपमा साथमै राख्नु पर्नेछ । उक्त परिचयपत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको सम्बन्धित शाखा हेर्ने अधिकृतले प्रमाणित गर्नु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम स्वीकृति प्रदान गर्दा उत्खनन गरिने नदि तथा खोला बहने वडा तथा नदि किनारका बासिन्दालाई प्राथमिकता दिइनेछ ।

(१०) गाउँपालिकाबाट नदिजन्य पदार्थको संकलन तथा निकासी गर्न ठेक्का प्राप्त गर्ने ठेकेदारले नदिबाट परम्परागत पेशाको रुपमा श्रम प्रयोग गरि बालुवा उत्खनन गर्न स्वीकृति पाएका व्यक्तिलाई ।EEको प्रवधान विपरित नहुने गरि उत्खनन गर्न रोक लगाउन पाइने छैन ।

(११) परम्परागत पेशाको रुपमा श्रम प्रयोग गरि बालुवा उत्खनन गर्न स्वीकृति पाएका व्यक्तिहरुसँग नदिजन्य पदार्थ खरिद गरि विक्रि या प्रयोग गर्ने व्यक्ति वा फर्मले नियमानुसारको स्थानिय तथा अन्य कर अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

## परिच्छेद ३
## उत्खनन, संकलन र घाटगद्दी सम्बन्धी व्यवस्था

६. कार्ययोजना बनाउनेः

(१) गाउँपालिकाले प्रत्येक आ.व.को जेठ मसान्त भित्र आगामी आ.व.को लागि देहायका कुराहरु समावेश गरी IEE प्रतिवेदनमा उल्लेख भएको प्रावधान अनुरुप नदिजन्य पदार्थ उत्खनन, संकलन, घाटगद्दी र बिक्रि वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन र संकलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदिजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित बार्षिक परिमाण ।

(ग) पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता ।

(घ) भण्डारण वा घाटगद्दी स्थल ।

(ङ) बिक्रि वितरणको प्रक्रिया ।

(च) संकलनको विधि र प्रयोग हुने मेशिनरी औजार ।

(छ) प्राप्त हुने अनुमानित आम्दानी ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना अनसगमन समितिबाट फिल्ड निरीक्षण गराई, वन तथा नापिका प्रतिनिधि, विज्ञ तथा प्राविधिकबाट लिखित प्रतिवेदन तयार गरि अनुगमन समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिकाबाट स्वीकृति भएको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्ययोजना प्रदेश तथा संघीय कानुन बमोजिम कुनै निकायबाट स्वीकृत गर्नु पर्ने व्यवस्था भएमा सो समेत गर्नु पर्नेछ ।

७. **वातावरणीय अध्ययनः**

**(१)** नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्रि गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) को लागि जि.स.स. वाट स्वीकृत गराई लागु गर्नु पर्नेछ ।

**(२)** नदीजन्ने पद्धार्थमा आधारित उद्योगको स्थापना र सत्त्चालन गर्नु पूर्व प्रचलित कानुन बमोजिमसम्वन्धित निकायबाट प्रम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ र सो को एक प्रति गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) गाउँपालिका र नदीजन्ने पद्धार्थ उत्खन्न, प्रशोधन र बिक्री वितरण गर्ने उद्योगले नदीजन्य पद्धार्थको उत्खन्न र संकलन गर्दा प्रारम्भक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(४) यो कार्य विधि लागुहुनु अघि सत्त्चालन भएका उद्योगले यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिनाभित्र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अद्यावधिक गराई स्वीकृत लिनु पर्नेछ ।उल्लेखित अवधिभित्र स्वीकृत नलिएमा नगरपालिकाले उद्योग सत्त्चालनमा रोक लगाउनेछ ।

८. नदीजन्ने पद्धार्थको उत्खन्न र सङ्कलन

(१) राष्ट्रिय निकुञ्ज, आरक्ष क्षेत्र, वन तथा IEE प्रतिवेदनले निषेधित गरेका क्षेत्र भित्रबाट नदी जन्य पद्धार्थको उत्खनन सैंकलन गर्न पाइद्दे छैद्द ।

(२) राष्ट्रिय वनको हकमा स्वीकृत वन कार्ययोजना उल्लेख भएको भए सोही बमोजिम र नभएको अवस्थामा डिभिजन बन कार्यालयबाट स्वीकृति लिई जिल्ला अनुगमन तथा समन्वय समितिले स्थलगत निरीक्षण गरी आवश्यकता र औचित्य खुलाई सिफारिस गरेमा यस कार्यविधि बमोजिमको प्रक्रिया अपनाई संकलन गर्ने क्षेत्र, समय र प्रक्रिया तोकी प्रार्मभिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव पूल्याङ्कन स्वीकृत गराई उत्खनन, संकलन र विक्रि वितरण गर्दा सम्बन्धित निकायबाट तोकिएको कार्यविधि र मापदण्ड लागु हुनेछ ।

(३) वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रि वितरण गर्दा सम्बन्धित निकायबाट तोकिएको कार्यविधि र मापदण्ड लागू हुनेछ ।

**उत्खनन विधिः**

यस कार्यविधि बमोजिम उत्खनन गर्दा उत्खनन कार्यको लागि स्वीकृति प्राप्त फर्म/व्यक्ति (ठेक्का लागेको समयमा ठेकदार वा ठेक्का नलाग्दा अमानतमा कर संकलन गर्न तोकिएको उपभोक्ता) ले देहायका शर्तहरुको पालना गर्नु पर्नेछ ।

(१) नदीजन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण एकिन गर्दा दफा (२०) बमोजिमको स्थानीय अनुगमन समितिका पदाधिकारीहरु र स्थानीय बासिन्दा समेतको रोहवरमा IEE प्रतिवेदनका आधारमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नु पर्ने ।

(२) उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरि निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछि मात्र सो स्थानबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजानसक्ने ।

(३) गाउँपालिकाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थको उत्खनन/संकलन तथा ओसार प्रसार गर्न अनुमति दिँदा कुनै एक स्थानलाई मात्र घाटगद्दी निर्धारण गर्न सक्ने ।

(४) नदीजन्य पदार्थ उत्खनन गर्दा गाउँपालिकाबाट खटिएका कर्मचारीको प्रत्येक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सिमाबाट मात्र हाते औजार र श्रममुलुक प्रविधिको मात्र प्रयोग गरी नदीजन्य पदार्थ निकाल्ने भारि यान्त्रिक उपकरण प्रयोगलाई निरुत्साहित गर्ने ।

(५) उत्खनन् गर्दा भारी यान्त्रिक उपकरणको प्रयोग सम्बन्धमा IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम गर्ने ।

(६) नदीजन्य पदार्थ उत्खनन्को कार्य गर्दा विहान ६ बजे देखि प्रारम्भ गरी साझ ६ बजे सम्म मात्र गर्ने अन्य समयमा उत्खनन् गर्ने नपाउने गरी नियमित अनुगमन गर्ने ।

(७) उत्खनन् स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण गाउँपालिकाको सहमतिका आधारमा गर्ने उत्खनन्का लागि कुनै यान्त्रिक उपकरण प्रवेश गर्ने भएमा यस कार्यविधिको अनुसूची ४ बमोजिमको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन् गर्न नदीमा प्रवेश गर्ने दिने उत्खनन् परिमाण खुलेका नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने यो अभिलेखको निरन्तर अनुगमन गर्ने ।

(८) उत्खनन् गरिसकेपछि प्रशोधन पश्चात छाडिएको काम नलाग्ने वस्तु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगि छाड्नु पर्नेछ । उत्खनन् गर्दन तोकिएको गहिराइ सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन् गर्नु पर्नेछ । नदीको पानीको मौजुदा बहाव क्षेत्र परिवर्तन गर्ने पाइने छैन तर नापी नक्सा बमोजिम नदीको क्षेत्र परिवर्तन गरी निजी जमिनमा वहाव क्षेत्र कायम गरेको अवस्थामा नगर

कार्यपालिकाको निर्णयनुसार नदीलाई आफ्नो खास प्राकृतिक वहाव क्षेत्र कायम गराउन सकिने छ ।

(९) उत्खनन् कार्यको स्वीकृति प्राप्त ठेकेदारले ।EEका शर्तका अलावा ठेक्का शर्त र गाउँपालिकाले बेला बेलामा दिएको निर्देशन पुर्ण रुपमा पालना गर्नुपर्ने छ ।

(१०) उत्खनन् गर्दा पानीको सतह भन्दा १५ सेन्टिमिटर माथि छाड्नु पर्ने छ । उत्खनन् सम्बन्धी ।EEका सबै शर्त पालना गर्नुपर्ने छ ।